कार्य सम्पन्न हुन नसकेकोले सिघ्र आयोजना सम्पन्नको लागि जिल्लास्तरीय खानेपानी तथा सरसफाई डिभिजन कार्यालयलाई ताकेता भइरहेको व्यहोरा अवगत गर्न चाहन्छु ।

१६. विद्युत विकास तर्फ यस गाउँपालिकाको सबै वडाहरुमा विद्युतको पहुँच विस्तार भइसकेको र मुख्य बजार तथा बस्तीहरुमा क्रमशः मास लाइट तथा पोलबत्तिहरुको व्यवस्था गर्दै लगिएको छ ।

१७. आर्थिक विकास अन्तर्गत कृषि विकास तर्फ चालु आ.व.मा आकस्मिक बाली संरक्षण कार्यक्रमबाट २०० जना किसान, २५० जना किसानलाई तरकारी (मिनिकिट) बीउ बितरण, १५० जना किसानलाई ओल बिउ वितरण, ३०० जना किसानलाइ गहुँको बिउ वितरण, २६५ जना किसानलाइ धानको बिउ वितरण, ५६४ वटा फलफुलको बिरुवा बितरण, २२५ जना किसानलाइ कृषि चुना बितरण, २०० किसानको घरधुरीको तथ्याङ्क संकलन भएको, ८०० जना किसानको सूचिकरण भएको, ३५० वटा सिंचाइ मिटर सिफारिस भएको, ४०० जना किसानलाइ कृषि परामर्श सेवा प्रदान गरीएको, १०० जना किसानको खेतवारीको माटो परीक्षण भएको, वडागत वस्तुस्थितिका आधारमा कृषि सामाग्रीबाट प्राप्त मलखाद वितरण गरिएको, कृषकहरुलाई समूहमा आवद्ध गराइ संस्थागत सञ्जालका माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था अगाडि बढाइएको छ । नेपाल सरकारको भूउपयोग नीति अनुसार जग्गाको बर्गीकरण गरी भूउपयोग योजना समेत तर्जुमा गरी कार्यान्वयन भई रहेको र ७ वटै वडाको कृषि योग्य भुमिमा क्रमशः सिंचाई सुविधा विस्तार गर्न नेपाल विद्युत प्राधिकरण र गाउँपालिकाको साझेदारीमा सिंचाईका लागि विधुत्तीकरण कार्य गर्न यस गा.पा.बाट आवश्यक रकम विनियोजन भई बहुबर्षिय आयोजनाको रुपमा उक्त आयोजना सञ्चालनका लागि प्रक्रिया अगाडि बढाइएकोमा नेपाल विद्युत प्राधिकरणबाट साझेदारी रकम प्राप्त नभएको कारण उक्त आयोजना कार्यान्वयनमा नआएको व्यहोरा समेत अवगत गराउन चाहन्छु ।

१८. पशु सेवा तर्फ गाई १०२६ वटा, भैंसी ३२५ वटा र बाख्रा ७ वटामा कृत्रिम गर्भाधान (AI) पद्धतिबाट उन्नत पशु नश्लको सुधार कार्य भएको छ २२६९ वटा पशुहरुलाई मेडिकल तथा औषधि उपचार गरिएको छ भने २९४ वटा पशुलाई माइनर सर्जिकल उपचार समेत प्रदान गरिएको छ । यसैगरी ८ वटा पशुहरुमा गाइनोक्लोजिकल उपचार, १४७ वटा पशुको गोवर परीक्षण गरिएको, २ वटा पशुको पिसाब (गोत) परिक्षण ८ वटा पशुको दुध परिक्षण कार्य गरिएको छ भने ६९०० वटा गाई भैंसीलाई एफ एम डी खोप तथा ५५०० वटा भेंडा बाख्रालाई पि.पि.आर. खोप लगाइ अन्य नियमित कार्यक्रमहरु सञ्चालन गरी पशुपन्छी रोगको अन्वेषण, नमुना सङ्कलन तथा सम्वन्धित उपल्लो निकायमा प्रेषण गर्ने कार्य भएको र पशु सेवा विस्तार कार्य भएको व्यहोरा यस सभा समक्ष राख्न चाहन्छु ।

१९. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) मार्फत आर्थिक विकासका लागि नयाँ उद्यमी सिर्जना तर्फ वडा स्तरीय अभिमुखिकरण गोष्ठी, सहभागितामुलक



रिमझिम कुमारी मंगत
उपाध्यक्ष

२८. सामाजिक विकासको अभिन्न पक्ष शिक्षा विकास तर्फ गाउँपालिका अन्तर्गत सरकारी सामुदायिक तथा निजी गरी ५८ वटा विद्यालयहरु र ७६ वटा बालविकास केन्द्रहरु संचालनमा रहेको, शैक्षिक सत्र २०८१ मा ३ वटा नयाँ विद्यालय खोल्ने अनुमति प्रदान गरीएको, ९ वटा विद्यालयले कक्षा थपको अनुमति प्राप्त गरेको, शैक्षिक सत्र २०८० मा कक्षा १२ सम्ममा १७ हजार ३ सय ८७ जना विद्यार्थी अध्ययनरत रहेको, कोभिड १९ बाट पुगेको क्षति न्युनिकरण कार्यक्रम २० वटा सामुदायिक विद्यालयका २५६७ विद्यार्थीमा लागु गरीएको, अपाङ्गताको प्रारम्भिक पहिचान सामुदायिक र धार्मिक गरी ४४ विद्यालयका ६०३८ विद्यार्थीमा प्रारम्भिक परीक्षण गरीएको, ५८ वटै विद्यालयका ११६ जना शिक्षकहरुलाई इ–मिस सम्बन्धी क्षमता विकास तालिम संचालन गरिएको, ३३ वटा विद्यालयमा विद्यार्थीको लागि दिवा खाजा संचालनमा रहेको, ७७६ विद्यार्थी आधारभूत तह उत्तीर्ण परीक्षा कक्षा ८ मा सामेल रहेकोमा ९९ प्रतिशत उत्तीर्ण भएको, कक्षा ५, ८ र १० को पाठ्यक्रम प्रवोधिकरण तालिम संचालन भएको, गाउँपालिकाको शैक्षिक क्यालेण्डर २०८१ प्रकाशन भएको, शिक्षकको पेशागत विकासका लागि नवप्रवेशी शिक्षकलाइ पेशागत सहयोग कार्यक्रम संचालनमा रहेको, इस्लामी पब्लिक स्कुलमा विज्ञान प्रयोगशाला जडान गर्ने क्रममा रहेको आधारभुत तह कक्षा–८ को पालिकास्तरीय परीक्षा सञ्चालन कार्यलाई थप व्यवस्थित गर्दै लगिएको छ। राष्ट्रपति खेलकुद कार्यक्रम तथा विद्यालय स्तरीय अध्यक्षकप खेलकुद प्रतियोगिता सञ्चालन गरी खेलकुदको प्रवर्द्धन गर्ने कार्य भएको छ। कम्प्युटर शिक्षक मार्फत विद्यार्थीहरुलाई कम्प्युटर शिक्षा प्रदान गरिएको छ। मदरसा मकतबहरुमा उर्दु शिक्षकहरुको व्यवस्थापन गरी उर्दु भाषाको समेत सम्वर्द्धन गरिएको छ।

२९. सामाजिक विकास अन्तर्गत जनताका आधारभूत स्वास्थ्य सेवा सरल सहज ढंगले प्रवाह गर्नका लागि ७ वटै स्वास्थ्य संस्थामा कर्मचारी तथा आवश्यक औषधि र औषधिजन्य सामाग्रीहरु व्यवस्थापन गरी नियमित सेवा प्रवाह भैरहेको छ। सामाजिक सुरक्षा तथा पञ्जिकरण सेवा तर्फ ७ वटै वडाको सामाजिक सुरक्षा भत्ता वितरण बैकिङ्ग प्रणाली मार्फत वितरण गरी वास्तविक लाभग्राहीको हातमा रकम पुग्न सक्ने व्यवस्था मिलाइएको छ। चालु आ व को तेश्रो त्रैमासिक सम्ममा १६५१ जना ज्येष्ठ नागरिक अन्य १३६ जना दलित ज्येष्ठ नागरिक ४७३ जना विधवा २८६ जना ज्येष्ठ नागरिक एकल महिला ४१३ जना दलित बालबालिका ७३ जना पुर्ण अपाङ्गता ३०१ जना अति अशक्त अपाङ्गता समेत जम्मा ३३३३ जना लाभग्राहीको खातामा ८ करोड ९५ लाख ८७ हजार ६ सय ७९ रुपैया दाखिला गरी वितरण भएको, गाउँपालिका अन्तर्गतका ७ वटै वडाका अशक्त, विरामी, अपाङ्ग जो बैंक सम्म भत्ता रकम लिन जान नसक्ने नागरिकहरुलाई उहाँहरुको घरमै भत्ता रकम उपलब्ध गराउने कार्य निरन्तर हुँदै आएको छ। नियमितरुपमा सबै वडाका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण अध्यावधिक गरी मृत्यु भएका लाभग्राहीको लगत कट्टा गर्ने कार्य नियमितरुपमा भइरहेको छ।

३०. महिला बालबालिका तथा समाज कल्याण सेवा तर्फ महिला हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन गरिएको छ। महिलाहरुको हक अधिकार सुनिश्चितताका लागि



हरिनगर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हरिनगर, सुनसरी

Rinkin
रिज्जिम कुमारी मगर,
उपाध्यक्ष

अन्तराष्ट्रिय नारी दिवस मनाइएको छ। महिनावारी सम्बन्धी सचेतनामुलक कार्यक्रम बालबिवाह मुक्त गाउँपालिका निर्माणका लागि कार्यक्रम तथा दहेज मुक्त गाउँपालिका निर्माणको लागि विभिन्न कार्यक्रम रेडियो नेपालबाट प्रसारण भएको बालविवाह विरुद्धकोप्रदेश रणनीति कार्यान्वयन तथा किशोरी समुह गठन तथा अभिमुखिकरणका साथै सूचना केन्द्र स्थापना बालविवाह सम्बन्धी तथ्याङ्कीय अवस्था मापनका लागि घरधुरी सर्वेक्षण सूचना संकलन कार्य कार्यान्यवयनको चरणमा रहेको ३१ जना ज्येष्ठ नागरिक १५ जना पुर्ण अशक्त अपाङ्गता भएका व्यक्ति २८ जना अति अशक्त अपाङ्गता भएका व्यक्ति ७ जना मध्यम र ६ जना सामान्य अपाङ्गता भएका व्यक्तिलाइ परिचयपत्र प्रदान गरिएको छ ।

३१. वन वातावरण तथा विपद व्यवस्थापन तर्फ जिल्ला स्तरीय विपद तथा जलवायु उत्थानशील योजना, विपद पूर्व तयारी तथा प्रतिकार्य योजना समेतका आधारमा खोज तथा उद्धारका लागि प्रयोग गरिने सामाग्रीहरुको व्यवस्था, विपद प्रभावित नागरिकहरुलाई राहत सामाग्री वितरण गरिएको छ भने विपद सम्वन्धी पूर्व जानकारीका लागि समय समयमा सूचना प्रवाह गर्ने गराउने कार्य भइरहेको छ। यस हरिनगर गाउँपालिका, देवानगञ्ज गाउँपालिका र बर्जु गाउँपालिका समेत ३ वटा गाउँपालिकाको समन्वयमा सञ्चालन गर्ने गरी प्रदेश सरकारबाट हस्तान्तरण भएको वारुणयन्त्रलाई व्यवस्थित रुपमा सञ्चालनका लागि आवश्यक जनशक्ति तथा बजेट व्यवस्थापन गरिएको छ ।

३२. संस्थागत व्यवस्था तथा सुशासन तर्फ गाउँपालिकालाई व्यवस्थित एवम् सुशासित बनाउन भए गरेका कार्यलाई सूचना प्रविधिको प्रयोग मार्फत यस कार्यालयको वेभसाइटमा सूचना प्रकाशन गरी आम नागरिकहरुलाई जानकारी दिने कार्यलाई निरन्तरता प्रदान गरिएको छ। सुशासनलाई थप व्यवस्थित गर्न गाउँ कार्यपालिकाको कार्यालयमा सि.सि. क्यामरा जडान गरिएको र वडा कार्यालयहरुमा समेत विस्तार गर्दै लगिएको छ। साथै नागरिकको सुरक्षाको लागि भुटाहा प्रहरी चौकीको निगरानीमा रहने गरी भुटाहा बजारको २ स्थानमा नम्बर प्लेट तथा सवारी साधन मोडेल सहितको डिटेक्शन प्रविधि सहितको गर्ने सि.सि. क्यामरा जडान गरिएको छ ।

३३. गाउँ कार्यपालिकाको लेखापालन व्यवस्थालाई नेपाल सरकारबाट तयार गरिएको सुत्र प्रणालीमा आवद्ध गरी आर्थिक कारोवारलाई विश्वसनिय र भरपर्दो बनाइएको छ। सार्वजनिक खरिद प्रक्रियालाई चुस्त बनाउन वार्षिक खरिद योजना तयार गरी विधिसम्मत कार्य सञ्चालन गर्ने कार्यको थालनी भएको छ भने जिन्सी सामान व्यवस्थापनलाई महालेखा नियन्त्रकको कार्यालयबाट जारी गरिएको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा इन्ट्री गर्ने कार्यलाई नियमित रुपमा कार्यान्वयनमा ल्याउने गरी कार्य भइरहेको व्यहोरा निवेदन गर्न चाहन्छु ।

हरिनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हरिनगर, सुनसरी

उपाध्यक्ष

व्यहोरा अनुरोध छ । आ.व. २०७९ । ८० को जम्मा खर्च ८८.१४ प्रतिशत भएको व्यहोरा समेत अनुरोध गर्दछु ।

५४. चालु आ.व. २०८० । ८१ का लागि आय तर्फ संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण अनुदान १२ करोड ६७ लाख, सर्शत अनुदान रु २३ करोड ४३ लाख ८३ हजार, विशेश अनुदान चालु रु ७० लाख, समपूरक अनुदान ७५ लाख, राजस्व बाँडफाँड १० करोड ०१ लाख ७८ हजार, प्रदेश सरकारबाट प्राप्त हुने समानिकरण अनुदान ७९ लाख ७१ हजार, सर्शत अनुदान १५ लाख २५ हजार, समपुरक अनुदान १ करोड, राजश्व बाँडफाड प्रदेश सरकार १ करोड, ०७ लाख ०३ हजार र आन्तरिक श्रोत तर्फ अ.ल्या. रकम सहित रु. ०३ करोड ०६ लाख २५ हजार ७४ रुपैया ०७ पैसा गरी जम्मा ५३ करोड ६५ लाख ८५ हजार ७४ रुपैया ०७ पैसा आय प्रस्ताव गरिएकोमा हाल सम्म ४४ करोड ०८ लाख ९१ हजार ०४ सय १७ रुपैया ०६ पैसा आय प्राप्त भएको छ भने व्यय तर्फ चालु खर्चमा रु. ३५ करोड ३३ लाख ४७ हजार ०३ सय ३३ रुपैया ०७ पैसा र पुजिँगत तर्फ रु. १८ करोड ३२ लाख ३७ हजार ०७ सय ४१ रुपैया व्यय प्रस्ताव गरिएकोमा हाल सम्म चालु तर्फ २४ करोड ३८ लाख १५ हजार (प्रतिशतमा ६९) र पुजिँगत तर्फ रु.११ करोड ४६ लाख २० हजार (६२.५५ प्रतिशत) गरि जम्मा रु.३५ करोड ८४ लाख ३६ हजार खर्च भएको व्यहोरा अनुरोध छ । हाल सम्मको जम्मा खर्चको प्रगति ६६.६९ प्रतिशत रहेको छ । यस आवमा संघीय तथा प्रदेश सरकारबाट बजेट कटौति भएकोले चालु तथा पूँजीगत खर्च लक्ष अनुसार हुन नसकेको व्यहोरा सदन समक्ष निवेदन गर्न चाहन्छु ।

५५. आगामी आ.व. २०८१ । ८२ का लागि आय तर्फ संघीय सरकार वित्तिय समानिकरण रु १२ करोड ६७ लाख, सर्शत अनुदान २३ करोड ९० लाख ५५ हजार, समपुरक अनुदान १ करोड १० लाख, राजश्व बाँडफाँड तर्फ रु १० करोड ६४ लाख, प्रदेश सरकार वित्तिय समानिकरण अनुदान रु ७९ लाख ४८ हजार, सशर्त अनुदान रु ३९ लाख ३३ हजार, राजश्व बाँडफाड सवारी साधन कर रु ४४ लाख ८८ हजार, घर जग्गा रजिष्ट्रेशन रु. ८० लाख, समपुरक अनुदान रु १ करोड र गा.पा. को आन्तरिक श्रोत तर्फ विभिन्न कर दस्तुर तर्फ र अल्या समेत गरी रु १ करोड, बेरुजु फर्छ्यौटबाट प्राप्त हुने रकम रु १० लाख सहित जम्मा रु ५२ करोड ८५ लाख २४ हजार आय प्रस्ताव गरिएको छ भने व्यय तर्फ चालु खर्चमा रु. ३५ करोड ३० लाख २४ हजार र पुँजिगत तर्फ रु. १७ करोड ५५ लाख गरी जम्मा रु. ५२ करोड ८५ लाख २४ हजार व्यय प्रस्ताव गरेको छु ।

सम्मानीत अध्यक्षज्यू

गाउँपालिकाले आगामी आ.व. को लागि प्रस्ताव गरेको कर, शुल्क, दस्तुर, महशुलको दर रेट समेटिएको आर्थिक विधेयक, २०८१ र व्ययको क्षेत्रगत, विस्तृत विवरण समेटिएको विनियोजन विधेयक, २०८१ र बजेटको पूर्ण विवरण सहितको वार्षिक गाउँ विकास योजना यसै साथ



रिमझिम कुमारी भगत
उपाध्यक्ष

